अनुसूचि-१६
(दफा ३३ को उप दफा (२) संग सम्बन्धित )

श्री संसारकोट हरियाली सामुदायिक वन उपभोक्ता समूह, बर्दघाट न.पा.-१०, भुतहा, नवलपरासी (ब.सु.प.)

काठ/दाउरा वोलपत्रद्वारा लिलाम विक्रीको सूचना

(प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०५/२५ गते )

श्री संसारकोट हरियाली सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रमा थिनिङ्ग तथा सुधारबाट उत्पादित काठ दाउरा यस समुहको घाटगद्धी स्थल बर्दघाट न.पा.-१०, अमरदिपमा विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले राष्ट्रिय दैनिक पत्रिका मिशनटुडेमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र खरिद गरी २२ औं दिनमा प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

तपसिलः

१. वन पैदावारको विवरणः लट नं.१

| लट नं. | क्र.स. | वन पैदावारको जात | किसिम | एकाई | ग्रेड | गोलिया थान | प्रति क्यु.फिट दर | परिमाण (क्यु.फिट) | न्युन्तम मुल्य रु. | सकार रकम प्रति इकाई दर रु. | | जम्मा सकार रकम रु. | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | अङ्कमा | अक्षरमा | | | |
| १ | १ | साल | गोलिया | क्यु.फिट | A | २१ | १२५० | ५६८.५७ | ७१०७१२.५ | | | | | |
| | | साल | गोलिया | क्यु.फिट | B | २९ | ९०० | ४५६.६३ | ४१०९६७.०० | | | | | |
| | | साल | गोलिया | क्यु.फिट | C | २४ | ६०० | १७७.५९ | १०६५५४.०० | | | | | |
| | | जम्मा | | | | ७४ | | १२०२.७९ | १२२८२३३.५ | | | | | |
| | २ | असना | गोलिया | क्यु.फिट | A | १० | ४०० | २८९.४३ | ११५७७२.०० | | | | | |
| | | असना | गोलिया | क्यु.फिट | B | ६ | ३०० | ४१.४७ | १२४४१.०० | | | | | |
| | | असना | गोलिया | क्यु.फिट | C | ११ | १०० | ४५.०५ | ४५०५.०० | | | | | |
| | | जम्मा | | | | २७ | | ३७५.९५ | १३२७१८.०० | | | | | |
| | ३ | कुसुम | गोलिया | क्यु.फिट | | ६ | १०० | ३७.०६ | ३७०६.०० | | | | | |
| | ४ | टाटरी | गोलिया | क्यु.फिट | | २ | १०० | ७.४७ | ७४७.०० | | | | | |
| | ५ | बाँझी | गोलिया | क्यु.फिट | | १८ | १०० | ९३.४ | ९३४०.०० | | | | | |
| | लट नं. १ को जम्मा | | | | | १२७ | | १७१६.६७ | १३७४७४४.५० | | | | | |

लट नं. २

| लट नं. | क्र.स. | वन पैदावारको जात | किसिम | एकाई | ग्रेड | गोलिया थान | प्रति क्यु.फिट दर | परिमाण (क्यु.फिट) | न्युन्तम मुल्य रु. | सकार रकम प्रति इकाई दर रु. | | जम्मा सकार रकम रु. | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | अङ्कमा | अक्षरमा | | | |
| २ | १ | साल | गोलिया | क्यु.फिट | A | १३ | १२५० | १९६.७ | २४५८७५.०० | | | | | |
| | | साल | गोलिया | क्यु.फिट | B | ७८ | ९०० | ७९०.९६ | ७११८६४.०० | | | | | |
| | | साल | गोलिया | क्यु.फिट | C | ८१ | ६०० | ३६४.२४ | २१८५४४.०० | | | | | |
| | | साल | गोलिया | क्यु.फिट | D | ४ | ३०० | १३.०६ | ३९१८.०० | | | | | |
| | | | | | | १७६ | | १३६४.९६ | ११८०२०१.०० | | | | | |
| | २ | जिङ्गड | | | | १८ | १०० | ८३.४३ | ८३४३.०० | | | | | |
| लट नं. २ को जम्मा | | | | | | १९४ | | १४४८.३९ | ११८८५४४.०० | | | | | |

२. वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समयः

क) वोलपत्र खरिद गर्ने अन्तिम मितिः २०८३/६/१४ गते समय दिनको ५.०० वजे कार्यालय समय भित्र ।

ख) वोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८३/६/१५ गते समय दिनको १२.०० वजे सम्म ।

ग) वोलपत्र खरिद तथा दाखिला गर्ने दिन सार्वजनिक विदा परे सो को भोलि पल्ट खरिद तथा दाखिला गर्न सकिने छ ।

३. वोलपत्र साथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम वोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको सिटिजन वैंक लिमिटेड भुतहा शाखामा रहेको १४७०१०००००३९९२०१ खातामा नगद जम्मा वा बैंक ग्यारेन्टी गरेको कागजात, भौचर समावेश हुनु पर्नेछ ।

बम बहादुर खत्री
(अध्यक्ष)

४. वोलपत्र फारमको प्रति लटको लटको लागि रु. २,०००/- फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह वा डि.व.का. नवलपरासी (ब.सु.प.) वाट खरिद गरि सम्वन्धित समूहमा दाखिला गर्नु पर्नेछ।

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको बर्दघाट न.पा.-१०, भुतहा नवलपरासी (ब.सु.प.) मा रहेको घाटगद्धि स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी, सम्वन्धीत कार्यालयमा सुचीकृत/नवीकरण भएको प्रमाणपत्र वोलपत्र साथ पेश गर्नुपर्ने छ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८३/६/१५ गते दिनको २.०० वजे साक्षीहरुको रोहवरमा खोलिने छ। सो दिन विदा पर्न गएमा भोली पल्ट खोलिने छ।

८. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाइएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।
९.वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।
१०. वोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

बम बहादुर खत्री
अध्यक्ष
संसारकोट हरियाली सामुदायिक वन उपभोक्ता समुह

संसद्मा रास्वपा सभापतिको विशेष सम्बोधन

# राष्ट्रिय पीडालाई शक्तिमा बदल्न एकजुट हुन आह्वान

मिसन संवाददाता
*काठमाडौँ, २४ भदौ*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेने राष्ट्रिय पीडालाई शक्तिमा बदल्न राजनीति दल, नागरिक समाज र सिंगो देशवासीलाई एकजुट हुन आह्वान गरेका छन् । भदौ १० को विनाशकारी रसुवा बाढीपछि देशले राष्ट्रिय विपत्तिको सामना गरिरहेको बताउँदै सभापति लामिछानेले शोकलाई शक्तिमा बदल्न एकजुट हुनुपर्नेमा जोड दिएका हुन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीको संसदीय दलको तर्फबाट बुधबार प्रतिनिधिसभामा लामिछानेले विपद् प्रतिकार्यका लागि पार्टी र सरकारले गरिरहेको काम, सरकारको भूमिकाबारे उठिरहेका प्रश्न, पीडितमाथि भइरहेको अपमान, जलवायु परिवर्तनका कारण नेपालले भोग्नुपरेको समस्या लगायतका विषयमा २८ मिनेट लामो लिखित सम्बोधन गरेका थिए । लामिछानेले सम्बोधनको सुरुमै भनेका छन्, 'यो सम्मानित सदनमा म आज ठूलो हिम्मत जुटाएर र अत्यन्त भारी मन लिएर उभिएको छु । कल्पनाभन्दा पर, जम्माजम्मी एक निमेषमै सर्वस्व गुमाएकाहरूलाई सान्त्वना र समवेदना दिन संसारको कुनै पनि भाषासँग शब्द छैनन् । उद्धार अझै जारी छ, हामीले अझै पनि सुखद समाचारको आशा मारेका छैनौँ ।'

सम्बोधनका क्रममा सभापति लामिछानेले भदौ १० को विपत्तिमा ज्यान गुमाएका नागरिकहरूलाई आफू प्राकृतिक विपत्तिका मृतक मान्न तयार नभएको भन्दै तिनीहरू जलवायु अन्यायका पीडित भएको बताए । आफ्नो कुनै गल्ती नभए पनि जलवायु परिवर्तनको सबैभन्दा ठूलो मूल्य तिर्न बाध्य भएका ती निर्दोषहरूलाई मानव सभ्यताले ढिलो-चाँडो कुनै विशेष दर्जा दिने उनले



बताए । जलवायु संकटको असमान भारका कारण समाप्त भएका र फेरि पनि समाप्त हुन सक्ने जीवनहरूमाथि शोक मनाएर नहुनेमा जोड दिँदै लामिछानेले हजारौँ मानिसको यो अन्यायपूर्ण बलिदानलाई अब सामान्य श्रद्धाञ्जलीमा सीमित नराखेर न्यायको औजार बनाएर जलवायु न्यायको ढोका ढकढक्याउने समेत बताए ।

नेपालको पीडामा सबै मित्रराष्ट्रहरूले 'नेपाल एक्लो छैन' भन्ने ढाडस दिएर आर्थिक मात्र होइन, विज्ञ, चिकित्सक, प्राविधिक, उद्धारकर्मी, उपकरण र राहतको पनि सहयोग गरेको भन्दै सबै मित्रराष्ट्रहरू, अन्तर्राष्ट्रिय समुदाय, विकास साझेदार तथा सहयोगी संस्था र व्यक्तिहरूप्रति कृतज्ञतासमेत प्रकट गरे । सभापति लामिछानेले महत्वपूर्ण आठ बुँदे प्रस्तावसमेत पेस गरेका थिए । अहिलेको बाढीलाई राष्ट्रिय महत्त्वको जलवायुजन्य विपत्ति घोषणा र विपत्तिको कारण, क्षति तथा यसको अन्तर्राष्ट्रियकरणका लागि सर्वदलीय संसदीय विशेष समिति गठन माग गरे ।

संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन महासन्धि तथा ऐतिहासिक उच्च कार्बन उत्सर्जन गर्ने विकसित राष्ट्रहरूसामु पनि यस संसद्कै तर्फबाट औपचारिक जलवायु न्यायको अपिल प्रस्तुत उनले आह्वान गरेका छन् । उनले भनेका छन्, 'पुनर्निर्माणका नाममा हामी थप ऋणको बोझ थाम्न सक्ने अवस्थामा छैनौँ । जलवायु परिवर्तनबाट भएको क्षतिको पुनर्निर्माणको भार फेरि ऋणका रूपमा नेपाली जनतामाथि थोपर्नु न्यायसंगत हुँदैन ।

त्यसैले हाम्रो जोड अनुदानमा आधारित अन्तर्राष्ट्रिय जलवायु वित्तका लागि हुनुपर्नेछ । अर्को विपत्तिको प्रतीक्षा नगरी हिमताल, हिमनदी, वर्षा र नदीहरूको वास्तविक समय निगरानी तथा सीमापार पूर्वसूचना तथ्यांक आदानप्रदान प्रणालीलाई अब हाम्रो राष्ट्रिय प्राथमिकता बनाउनुपर्छ । भविष्यमा हुन सक्ने जलवायुजन्य विस्थापनका लागि दीर्घकालीन कानुनी र वित्तीय आधार पनि अहिल्यै तयार पार्नुपर्छ ।'

## राज्य कहाँ छ ? यस्ता छन् ५ जवाफ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले बाढीपछिको प्रतिकार्यबारे सरकारको बचाउ गरेका छन् । बुधबार प्रतिनिधिसभा बैठकमा बोल्दै उनले सरकारले उद्धार, उपचार र राहतका तत्परताका साथ काम गरिरहेको बताएका हुन् ।

'यो विपत्तिमा पनि सरकारको कामलाई सरकार र विपक्षीको परम्परागत चस्माले हेर्नुपर्ने म देख्दिनँ । विपत्तिको सुरुकै घण्टामा सरकारले सम्पूर्ण शक्ति परिचालन गरेर उद्धार, उपचार र राहतको काम सुरु गरेको थियो । हजारौँ सुरक्षाकर्मी प्रभावित क्षेत्र खटिए ।

तथ्यसहित भन्न सकिन्छ हवाई उद्धारको यति ठूलो व्यवस्थित अभियान यसअघि विरलै भएको थियो ।'

प्रभावित क्षेत्रको अवस्था र क्षतिको गम्भीरतालाई ध्यानमा राख्दै बाढी प्रभावित स्थानीय तहलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरी उद्धार, राहत र पुनर्स्थापनालाई प्राथमिकता दिइएको बताए । क्षतिग्रस्त सडक, पुल, विद्युत् तथा खानेपानीलगायत अत्यावश्यक पूर्वाधार पुनः सञ्चालनमा ल्याउने कामसमेत अघि बढेको उनको भनाइ छ । 'राज्य कहाँ छ ?' भन्नेलाई उनले भने, 'राज्य यतिबेला त्यो कहालीलाग्दो भग्नावशेष र सुरुङभित्र आफ्ना नागरिकको प्राण खोजिरहेको छ ।'

सर्वस्व गुमाएर खुला आकाशमुनि पुगेका नागरिकको छहारी बन्न राज्य रातदिन खटिरहेको तथा भेलले बगाएका सडक र चुँडिएका पुलसँगै विपद्ले टुटाएको नागरिकको भरोसा जोड्ने प्रयासमा केन्द्रित रहेको बताए । यस्तै सरकारले भविष्यमा यस्तो कुनै विपद् कहिल्यै भोग्न नपरोस् भन्दै बदलिदो पूर्वतयारी र सुरक्षित संरचनाको खाका कोरिरहेको र आफ्ना सीमा, स्रोतको अभाव र थकानलाई पन्छाएर नागरिकको जीवन रक्षाका लागि सरकार ढाल बनेर उभिएको सभापति लामिछानेले बताएका हुन् ।

प्रतिकूल मौसम, कठिन भूगोल र जोखिमपूर्ण परिस्थितिका बीच हवाई उद्धारमा खटिएका पाइलट, चालक दलका सदस्य तथा सम्पूर्ण हवाईकर्मीहरू घाइतेहरूको उपचारमा दिनरात खटिएका चिकित्सक, नर्स, स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवकहरूप्रति पार्टी र सरकारको तर्फबाट आभार व्यक्त गरे । संकटमा निजी क्षेत्रले व्यापारिक स्वार्थभन्दा माथि उठेर र ज्यान हत्केलामा राखेर सरकारलाई सचेत र जनतालाई सुसूचित गरिरहेको सञ्चार क्षेत्र, शरीर विदेशमा भए पनि मन नेपालमै भएका र त्यहीअनुसार खटेका गैरआवासीय नेपाली, सामाजिक संघसंस्था र नागरिक संगठनहरू र आम नागरिक सबैले यो संकटमा देशलाई आफ्नो सफल परीक्षा दिएको उनको भनाइ थियो ।

# विद्यार्थीलाई आवश्यक शैक्षिक सामग्री वितरण

मिसन संवाददाता
*काठमाडौँ, २४ भदौ*

कामना सेवा विकास बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत शाखा कार्यालय कुलेश्वरमार्फत कुलेश्वर माध्यमिक विद्यालयमा अध्ययनरत गरिबीको रेखामुनी रहेका विद्यार्थीहरूलाई शैक्षिक तथा आवश्यक सामाग्री वितरण गरेको छ ।

बैंकका काठमाडौँ क्षेत्र प्रमुख केदारनाथ शर्माले विद्यार्थीहरूलाई पोशाक तथा शैक्षिक सामग्री हस्तान्तरण गरे । बैंकले विद्यार्थीहरूको पठनपाठनमा सहजता पुऱ्याउने उद्देश्यले स्टेशनरी तथा शैक्षिक सामग्रीहरू, स्कुल ब्याग, स्कुल ड्रेस र हाउस ड्रेस, जुत्ता तथा अन्य आवश्यक सामग्रीहरू वितरण गरेको हो ।




उक्त कार्यक्रममा बोल्दै विद्यालयका प्रधानाध्यापक भानुभक्त बिष्टले बैंकले विद्यालयका विपन्न तथा गरिब विद्यार्थीहरूको शैक्षिक आवश्यकतालाई मध्यनजर गर्दै उपलब्ध गराएको सहयोगप्रति धन्यवाद ज्ञापन गरे ।

उनले यस प्रकारको सहयोगले विद्यार्थीहरूलाई अध्ययनमा थप हौसला प्रदान गर्नुका साथै विद्यालयको शैक्षिक वातावरणमा समेत सकारात्मक प्रभाव पार्ने बताए ।

विद्यार्थीहरूलाई उक्त शैक्षिक तथा आवश्यक सामग्री हस्तान्तरण गर्दै बैंकका काठमाडौँ क्षेत्र प्रमुख शर्माले बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत शिक्षा क्षेत्रमा सहयोग गर्दै आएको र आर्थिक अभावका कारण आवश्यक शैक्षिक सामग्रीबाट वञ्चित विद्यार्थीहरूलाई गरिएको यस सहयोगले उनीहरूको पठनपाठनमा महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरे । यससँगै बैंकले आगामी दिनमा समेत आवश्यकता र प्राथमिकताका आधारमा यस्ता सामाजिक उत्तरदायित्वमूलक कार्यक्रमहरूलाई निरन्तरता दिने बताए ।

# सिद्धार्थ कटेजको खाना अतिउत्तम वर्गको प्रमाणीकरण

मिसन संवाददाता
*नेपालगन्ज (बाँके), २४ भदौ*

नेपालगन्जमा रहेको सिद्धार्थ कटेजको खाना अतिउत्तम वर्गको प्रमाणीकरण भएको छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय नेपालगन्जको अनुगमन टोलीले कटेजको किचेनको स्थलगत अनुगमन गरेर कटेजको खानालाई 'क' वर्गको अतिउत्तम स्तर निर्धारण गरी प्रमाणपत्र दिएको हो ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय नेपालगन्जका खाद्य अनुसन्धान रामहरी लामिछानेसहित ३ सदस्यीय खाद्य प्राविधिक टोलीले सिद्धार्थ कटेजमा खाना तयार पार्दा अपनाएका स्वच्छताका



मापदण्डहरूको अनुगमन गरेर कटेजको खानालाई खाद्य स्वच्छतामा अतिउत्तम स्तर निर्धारण गरेको हो ।

नेपाल सरकार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको खाद्य स्वच्छताका आधारमा होटेल, रेष्टुरेन्ट स्तरीकण गर्नका लागि २०७४ मा जारी भएको निर्देशिकाअनुसार अनुगमन टोलीले भदौको तेस्रो साता होटेलको अनुगमन गरेको थियो ।

खाद्य स्वच्छतामा स्तरीकरणका लागि किचेनको सरसफाइ र फोहर व्यस्थापन, किचेनमा खाद्य सामाग्रीको रूपमा प्रयोग हुने खाद्यान्नको उत्पादन भएको, खरिद गरेर ल्याएको र म्याद समाप्त हुने मिति अपडेट भए नभएको, खाद्य सामग्रीहरू ताजा र विषादीरहित भए नभएको खानाका परिकारहरू तयार भएपछि ती खानाहरूलाई तापक्रम निर्धारण गरेर राखे नराखेको, फ्रिज चिलेरहरूको तापक्रम मेन्टेन भए नभएको लगायत ५० वटा सूचांकहरू राखिएको छ ।

अनुगमन टोलीले तिनै सूचांकअनुसार भए नभएको हेरेर होटेल तथा रेष्टुरेन्टहरूलाई सामान्य, सन्तोषजनक, उत्तम र अति उत्तम गरेर चार तहमा वर्गीकरण गर्दै आएको छ ।


सिद्धार्थ कटेज ९० अंकसहित तीन तारा 'क'सहित अति उत्तम स्तरीकरणको वर्गीकरणमा परेको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय नेपालगन्जका खाद्य अनुसन्धान अधिकृत एवम् सूचना अधिकारी रामहरी लामिछानेले बताए ।

# नेपाल टेलिकमद्वारा उद्धार कोषमा दुई करोड दुई लाख सहयोग

**काठमाडौँ ।** नेपाल टेलिकममा हाल कार्यरत सम्पूर्ण कर्मचारीहरूको तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दुई करोड दुई लाख २६ हजार ६६ रूपैयाँ सहयोग रकम हस्तान्तरण गरिएको छ ।

यही भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित विभिन्न जिल्लाका नागरिकको राहत, उद्धार तथा पुनर्स्थापनाका कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले उक्त सहयोग गरिएको हो । नेपाल टेलिकमका सम्पूर्ण कर्मचारीहरूको तर्फबाट एक कार्यक्रमबीच प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल)ले उक्त सहयोग रकम अर्थमन्त्री स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरेकी हुन् ।

रकम हस्तान्तरण कार्यक्रममा नेपाल टेलिकम सञ्चालक समितिका सदस्य एवम् अर्थ मन्त्रालयका सहसचिव टंकप्रसाद पाण्डेय, सञ्चालक समिति सदस्य (कर्मचारी प्रतिनिधि) लोकबहादुर कटुवाल,



प्रमुख वित्तीय अधिकृत द्वारिकाप्रसाद पौडेल र प्रमुख मानव संसाधन अधिकृत निर्झर भट्टराईको समेत उपस्थिति थियो ।

यसअघि पनि बाढी, पहिरो, भूकम्पलगायत प्राकृतिक विपद्का समयमा कम्पनीमा कार्यरत कर्मचारीहरूले व्यक्तिगत तथा सामूहिक रूपमा आर्थिक सहयोग गर्दै आएका थिए ।

विपद्बाट प्रभावित नागरिकलाई राहत पुऱ्याउने उद्देश्यले नेपाल टेलिकमका विभिन्न तहमा कार्यरत कर्मचारीहरूको तलबबाट तहगत योगदानका आधारमा रकम कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको बताएको छ । यस सहयोगले विपद्बाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका कार्यमा केही हदसम्म सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

**श्री संसारकोट हरियाली सामुदायिक वन उपभोक्ता समूह**
बर्दघाट न.पा.-१०, भुतहा, नवलपरासी (ब.सु.प.)

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक प्रकाशन मिति २०८३/०५/२५

यस श्री संसारकोट हरियाली सामुदायिक वन उपभोक्ता समूह, बर्दघाट न.पा.-१०, भुतहा, नवलपरासी (ब.सु.प.)को वनमा थिनिङ्ग तथा सुधार कटानबाट उत्पादन भएको काठ बर्दघाट न.पा.-१०, अमरदिप, नवलपरासी (ब.सु.प.) को घाट्गद्दीमा विभिन्न लट बनाई राखिएको विभिन्न ग्रेडको लट नं. १ को लागि साल जातको गोलिया थान-७४ को १२०२.७९ क्यू.फीट, असना गोलिया थान-२७ को ३७५.९५ क्यू.फीट, कुसुम जातको गोलिया थान-६ को ३७.०६ क्यु.फिट, टटरी जातको गोलिया थान-२ को ७.४७ क्यु.फिट र बाँझी गोलिया थान १८ को ९३.४० क्यु.फिट गरि कुल गोलिया थान-१२७ को १७१६.६७ क्यू.फीट काठ तथा लट नं. २ को साल जातको गोलिया थान-१७६ को १३६४.९६ क्यु.फिट र जिङ्गड गोलिया थान १८ को ८३.४३ क्यु.फिट गरि कुल गोलिया थान-१९४ को १४४८.३९ क्यू.फीट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ। काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २२ औं दिन मिति २०८३/०६/१५ गते भित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यो सुचनासँग सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा अनुरोध छ।

बम बहादुर खत्री
अध्यक्ष

**मल्लरानी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
खलङ्गा, प्युठान,
लुम्बिनी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशन मिति :- २०८३/०५/२४

यस मल्लरानी गाउँपालिका, खलङ्गा, प्युठानबाट मिति २०८३/०४/१९ मा bolpatra.gov.np/egp मा प्रकाशित सूचना अनुसार रीतपूर्वक दाखिला हुन आएका बोलपत्रहरूको मूल्याङ्कनबाट सफल बोलपत्रहरूमध्ये बोल अङ्कको औसत अङ्कसँग सबैभन्दा नजिक र सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ।

तपशिल

| सि. नं. | योजनाको नाम र ठेक्का नं. | छनोट भएको फर्म | ठेगाना | कबोल अङ्क (रु. मू.अ. कर र पी.एस.आइटम सहित) |
|---|---|---|---|---|
| १. | देउराली थाम-सोल्हाना जोड्ने सडक निर्माण (०१-MRM/NCB-२०८३/८४) | श्री सत्यम् निर्माण सेवा प्रा.लि. | लमही-५, दाङ | ३६,१५,४१९.८६/- |

**प्रमुख प्रशासकीय अधिकृत**